# Intergovernmental Fiscal Relations: The Role of the Independent Finance Commission

2075.3.14 -15

Kathmandu, Nepal

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आयोजनामा यही मिति २०७५ असार १४ र १५ गते (२८-२९ जुन २०१८) काठमाडौंमा Intergovernmental Fiscal Relations: The Role of the independent Finance Commission विषयक दुई दिने कार्यशाला सम्पन्न भयो । Forum of Federation नामक अन्तराष्ट्रिय संस्थाको प्राविधिक सहयोगमा सञ्चालित यस कार्यक्रममा स्रोत व्यक्तिका रुपमा दक्षिण अफ्रिकाको वित्त आयोगका अध्यक्ष Dr. Daniel Plaatjies, सोही आयोगका अनुसन्धान इकाईका कार्यक्रम व्यवस्थापक Mr. Ghalieb Dawood, University of Western Cape का Prof. Dr. Nico Styeler र भारतको National Institute of Public Finance and Policy का Prof. Dr. Pinaki Chakraborty रहनुभएको थियो ।यसैगरी नेपालका तर्फबाट सम्बन्धित विषयमा अनुभव हासिल गरेका नेपाल सरकारका बहालवाला एवम् पूर्व प्रशासकहरु विषय विज्ञको रुपमा सहभागी हुनुभएको थियो । कार्यक्रममा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अधिकृत कर्मचारीका साथै अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, तथा प्रदेश एवम् स्थानीय सरकार लगायत २० वटा भन्दा बढी संस्थाको सहभागिता रहेको थियो ।

स्रोत व्यक्तिहरुबाट संघीयता कार्यन्वयन तथा अन्तर-सरकारी वित्तीय सम्बन्धमा स्वतन्त्र वित्तीय आयोगको भूमिका स्पष्ट पार्नुका साथै दक्षिण अफ्रिका र भारतको अनुभव प्रस्तुत गरिएको थियो । कार्यक्रमलाई विभिन्न ९ वटा विषय केन्द्रित सत्रमा विभाजन गरी प्रत्येक सत्रमा प्रस्तुतिकरण र Panel Discussion मार्फत सम्बन्धित विषयका विज्ञ सहितको प्यानलमा छलफल गरी विषयवस्तुका बारेमा सिकाई हासिल गरिएको थियो । छलफलका क्रममा भारत र दक्षिण अफ्रिकाको स्वतन्त्र वित्तीय आयोगहरुको व्यवस्था, कानुनी प्रावधान, सङ्गठन संरचना एवम् कार्यक्षेत्र लगायतका विषयमा प्रष्ट पार्नुका साथै त्यहाँको अन्तर-सरकारी वित्तीय सम्बन्धका विषयमा पनि छलफल गरिएको थियो । यसका अतिरिक्त नेपालमा विद्यमान अन्तर-सरकारी वित्त हस्तान्तरण, प्रदेश/स्थानीय तहले लिने आन्तरिक ऋण, बजेट तर्जुमाका सम्बन्धमा अन्तर-सरकारी वित्तीय सम्बन्ध, कार्य जिम्मेवारी एवम् खर्च आवश्यकता, राजस्व अधिकार लगायत वित्त व्यवस्थापनका विभिन्न विषयहरुमा छलफल भएको थियो । त्यसैगरी प्राकृतिक स्रोतको उपयोगका सम्बन्धमा आउन सक्ने चुनौती र अन्तर-सरकारी वित्तीय सम्बन्धमा तथ्याङ्क व्यवस्थापन लगायतका विषयमा समेत प्रस्तुतिकरण एवम् अन्तर्किया भएको थियो । यसै क्रममा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका तर्फबाट आयोगले हालसम्म गरेका उपलब्धि तथा सामना गरेका चुनौतीहरुको विषयमा समेत प्रस्तुतिकरण गरिएको थियो ।

यस कार्यक्रमबाट सम्बन्धित विषयमा, विषेशगरी आयोगका कर्मचारीहरुको, ज्ञान बढ्नुका साथै अन्तर्राष्ट्रिय अनुभव आदान प्रदान भएको छ। यसका कारण आगामी दिनमा आयोगले गर्नुपर्ने काम कारवाहीमा सहजीकरण हुन सक्ने अपेक्षा गरिएको छ । संघीय सरकारका प्रमुख मन्त्रालय एवम् विभागका साथै प्रदेश सरकारका प्रतिनिधिको समेत सहभागिता भएकाले नेपालको अन्तर-सरकारी वित्तीय सम्बन्धमा समेत यस कार्यक्रम उपलब्धिमूलक रहेको थियो ।

*****